# तीन वा तीन भन्दा बढि र जुम्लिया सन्तान हुनेलाई पोषण प्रोत्साहन स्वरुप आर्थिक सहायता दिने कार्यविधि, २०८२

कार्यपालिकाबाट स्विकृत मितिः- २०८३।०२।२०
प्रमाणिकरण मितिः- २०८३।०३।०३
राजपत्रमा प्रकाशित मितिः- २०८३।०३।०३

**प्रस्तावना :**

नेपालको जनसङ्ख्याको बृद्दिदर घट्दो क्रममा रहेको साथै सभापोखरी गाउँपालिकाको जनसङ्ख्याको बृद्दिदर घट्दो रहनु आफैंमा चिन्ताको विषय रहेको छ। जनसङ्ख्या घट्दो क्रममा रहनाले देशको प्रत्यक्ष विकासमा प्रतिकुल असर परेको हुँदा जनसङ्ख्यालाई बढाउने तथा स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार ल्याउन सभापोखरी गाउँकार्यपालिका निर्णयले आर्थिक सहायता दिने प्रयोजनको लागी यो कार्यविधि बनाएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम "तीन वा तीन भन्दा बढि र जुम्ल्याहा सन्तानलाई आर्थिक सहायता दिने कार्यविधि, २०८२ सभापोखरी गाउँपालिका रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरी राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

(३) यो कार्यविधि अनुसार आर्थिक वर्ष २०८२/८३ को श्रावण १ गते देखि पछि जन्म भएको बच्चाहरुमा मात्र सेवा सुविधा (पोषण भत्ता) दिइनेछ।

२. परिभाषा विषय वा प्रसंगले अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यालय" भन्नाले सभापोखरी गाउँपालिकाको कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले सभापोखरी गाउँकार्यपालिका सम्झनुपर्छ।

(ग) 'लाभग्राहि' भन्नाले तीन वा तीन भन्दा बढि वा जुम्लियाहा सन्तान जन्माउने दम्पती सम्झनुपर्छ।

(घ) समिति भन्नाले नियम बमोजिमको स्थानीय छनौट समिति सम्झनुपर्छ।

(ङ) तीन वा तीन भन्दा भढि भन्नाले जन्म भएको मध्धे जिवित रहेका तीन भन्दा बढि सन्तान सम्झनुपर्ने छ।

(ङ) कार्यविधि भन्नाले सभापोखरी गाउँपालिकाले जारी गरेको तीन वा सो भन्दा बढि र जुम्लिया सन्तानलाई आर्थिक सहायता दिने कार्यविधि, २०८२ सम्झनु पर्छ।

परिच्छेद २

१) आर्थिक सहायता दिने छनौट समिति, बजेट व्यवस्थापन, आर्थिक सहायता पाउने आधार सम्बन्धि व्यवस्था ,

(क) समितिको गठन देहाय वमोजिम हुनेछ ।

- संयोजकः गाउँपालिका अध्यक्ष
- गाउँपालिका उपाध्यक्ष : सदस्य
- प्रमुख प्रशासकिय अधिकृत : सदस्य
- लेखा शाखा प्रमुख : सदस्य
- स्वास्थ्य शाखा प्रमुख सदस्य : सचिव

(२) **बजेट सम्बन्धि व्यवस्था**

(१) आर्थिक सहायताको लागि बजेटको व्यवस्थापन सभापोखरी गाउँपालिकाको आन्तरिक स्रोतबाट गरिने छ ।

(२)आर्थिक सहायता बच्चा जन्मिएको ५९ महिना सम्म प्रतिमहिना २ हजारको दरले प्राप्त हुनेछ ।

३) **आर्थिक सहायता प्राप्त गर्ने तपशिल बमोजिमको आधारहरु हुनुपर्ने छ**

क) एकै दम्पतीको तिन वा तिन भन्दा बढि जिवित सन्तान भएको हुनुपर्ने छ ।
ख) जन्मिएका सबै सन्तानको जन्मदर्ता समयमै गरेको हुनुपर्ने छ ।
ग) दम्पती नेपाली नागरिक हुनुपर्नेछ ।
घ) दम्पती सभापोखरी गाउँपालिकाको स्थायी बासिन्दा वा स्थायी रुपमा वसाइसराई गरि आएको हुनुपर्नेछ ।
ङ) बच्चा स्वास्थ्य संस्थामा जन्मिएको हुनुपर्नेछ ।
च) आर्थिक सहायता निजको आमा वा बुबाको बैङ्क खाता मार्फत वडाको सिफारिसको आधारमा भुक्तानी दिने छ । तर आमालाई प्राथमिकता दिइनेछ ।
छ) हरेक सन्तानको जन्मान्तर दुई वा दुई बर्ष भन्दा माथि भएको हुनुपर्नेछ ।
ज) लैङ्गिक हिंसामुक्त तथा बालबालिकाको स्वास्थ्य, पोषण तथा अधिकार सुनिश्चित भएको हुनुपर्नेछ ।
झ) अनुदान प्राप्त गर्न गर्भवती अवस्थामा गर्नुपर्ने आवश्यक स्वास्थ्य, सुरक्षा, नियमित जाचँ (कम्तिमा ४ पटक), खोप सेवा नियमित लिएको र बृद्धि अनुगमन नियमित गरेको हुनुपर्नेछ ।
ञ) आफ्नो उमेर पुगेको सन्तानलाई विध्यालयमा नियमित पठनपाठन गराएको हुनुपर्नेछ ।
ट) सन्तानमा अपाङ्गता छ भने सहि सहायक सामाग्रीको प्रयोग, हेरचाह तथा समान व्यवहार गरेको हुनुपर्नेछ ।

**२. समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :**

क) तीन वा तीन  भन्दा बढि र जुम्लियाहा सन्तान जन्माउने आमालाई आर्थिक सहयोग उपलब्ध गराउने ।

ख) आर्थिक सहयोग सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने ।

घ) स्थानीय स्तरमा तीन वा तीन भन्दा बढि सन्तान जन्माउने र जुम्लियाहा सन्तान जन्माउने परिवारको लगत संकलन गर्ने ।

**परिच्छेद ३**

**१) आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :**

(१) यस कार्यविधि बमोजिम आर्थिक सहयोग प्राप्त गर्न चाहने  दम्पतीले तपशिल अनुसारको कागजपत्र सहित समितिमा निवेदन दिनुपर्नेछ ।

क) दम्पतीको नागरिकताको प्रतिलिपि ।

ख) वडाको सिफारिस ।

ग) जिवित बच्चाहरुको जन्मदर्ताको प्रतिलिपि ।

घ) अभिभावकको बैङ्क खाताको चेकको प्रतिलिपि ।

ङ) परिवारको फोटो ।

च) लिखित निवेदन ।

**२) कार्यविधिको कार्यानव्यनः-**  कार्यविधि सार्वजनिक भएको मितिबाट तुरुन्त लागु हुनेछ ।

**३) वाधा अडकाउ फुकाउनेः-**

क) यो कार्यविधिमा उल्लेख नभएका कुराहरु गाउँकार्यपालिकाको निर्णयअनुसार हुनेछन् ।

ख) यस कार्यविधि वमोजिम भुक्तानी दिइने पोषण सहयताका करकट्टी गरिने छैन ।

**४) खारेजी र वचाउः-**

यो कार्यविधि सभापोखरी गाउँकार्यपालिकाले जुनसुकै बखत संशोधन वा खारेजी गर्न सक्नेछ ।

**आज्ञाले,**

बुकु प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत

सभापोखरी गाउँपालिका, संखुवासभा ।